# आदरणीय उपाध्यक्ष ज्यू मार्फत गाउँसभामा प्रस्तुत आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

यस प्रसौनी गाउँपालिकाको गाउँसभा बैठकको सत्रौं अधिवेशनको गरिमामय सदनमा उपस्थित आदरणीय सभा अध्यक्ष ज्यू, बैठकको सचिव प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न समितिका संयोजक ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी मित्रहरु, संचारकर्मीहरु, सुरक्षा निकायका प्रमुखज्यू र प्र.अ. शिक्षक शिक्षिका, समाजसेवी महानुभावहरु ।

यस गरिमामय सभामा गाउँपालिकाको अगामी आ.व २०८२।०८३ को लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु ।

नेपाली जनताको लामो संघर्ष, त्याग, तपस्या र बलिदानद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी शासन पद्धतिको अभ्यास भइरहेको छ । साथै यो व्यवस्थालाई स्थापित गर्नको लागि आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु तथा घाइते अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौं । मुलुकमा नयाँ संविधान जारी भएपछि सोही संवैधानिक व्यवस्था बमोजिम तीन तहका सरकारहरु क्रियाशील रही आएको सर्वविदितै छ। यो मौलिक स्वरुपको राजनैतिक उपलब्धीसँगै मुलुकमा दोश्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी तेस्रो वर्ष पूरा गरी चौथो वर्षको यात्रामा हिंडिरहेका छौं। जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान अवस्थामा राज्यको सम्पूर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी यस गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ।

यस तिन वर्षे अनुभवले हामीलाई आगामी कार्यअवधिको लागि यात्रा तय गर्न धेरै क्षेत्र र पक्षमा मार्गनिर्देशन गरेको छ। थुप्रै पाठ पनि सिकाएको छ । निर्वाचित भएपछिको तेस्रो वर्षको अवधिमा केही अलमल, केही कठिनाइ, केही असमझदारी, नीतिगत र प्रकृयागत कुरा बुझ्न केही ढिलाई पक्कै भएको हो । सुन्दर र समृद्ध प्रसौनी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास

मार्फत समृद्ध प्रसौनी गाउँपालिका र सुखी प्रसौनी पालिकाबासीको लक्ष्य हाँसिल गर्न एकीकृत अभियान सञ्चालन गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, आधारभूत गुणस्तरीय शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने, गुणस्तरीय भौतिक पूर्वाधारको विकास र दिगो व्यवस्थापन गर्ने, कृषि क्षेत्रको दिगो विकासमार्फत स्थानीयबासीको जीवनस्तर सुधारलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ ।

**(क) विद्यमान परिवेश**

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लागेको परिवेशमा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिने जुन लहर छ, त्यसबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन। बसाइँ सराइका कारण यस गाउँपालिकाका गाउँघरहरू नेपालका अन्य हजारौं गाउँघर झैं सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन्। यसले हामी सबैलाई गम्भीर बनाएको छ । यस सन्दर्भमा पालिकाभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक, सुखी र आनन्दमय युवालाई बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो गाउँपालिकाको समग्र अर्थतन्त्रलाई उत्पादनशील क्रियाकलापमार्फत अगाडि वढाउनुपरेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ । यसका लागि विद्युतीय शासन प्रणालीमा आधारित सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ ।

**(ख) अवसर र चुनौतिहरुः–**

**विद्यमान अवसरहरु**

हाम्रा लागि देहायबमोजिम अवसरहरु रहेका छन् ।

१. संविधान प्रदत्त २२ ओटा एकल र १५ ओटा साझा अधिकार क्षेत्र किटान हुनु ।
२. आफ्ना अधिकारक्षेत्रमा पर्ने विषयमा निरन्तर रुपमा नीतिहरु वन्ने अभ्यास हुनु।
३. वडा कार्यालय र स्वास्थ्य चौकीजस्ता संस्थाहरुमा भौतिक र सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारको विकास हुनु। त्यसले गर्दा सेवा प्रवाहमा सहजता आउने वातावरण हुनु।
४. सवै वडामा सडक पूर्वाधारको पहुँच रहनु ।

५. सडक पूर्वाधारको विकाससँगै गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्म पहुँच स्थापित हुनु ।
६. राजनैतिक रुपमा फरक विचारको सम्मानका साथ सहमतिमा निर्णय गर्ने अभ्यास स्थापित हुनु।
७. जनप्रतिनिधी र कर्मचारीबीच सौहार्द्रपूर्ण र विश्वासिलो सम्बन्ध कायम भई समन्वयात्मक ढंगले काम गर्ने वातावरण रहनु ।
८. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतिहरु**

हाम्रा लागि देहाय बमोजिम चुनौतिहरु रहेको हामीले अनुभूत गरेका छौं।

१. जनतावाट माग भई आउने योजना र कार्यक्रमलाई आवस्यकता र औचित्यमा आधारित बनाउनु ।
२. निर्माण सम्पन्न भएका भौतिक विकासका संरचनाहरुलाई मर्मत संभार गर्दै दिगो रुपमा सञ्चालनमा ल्याउनु तथा संरक्षण गर्नु ।
३. गाउँको कृषि उत्पादनलाई बजारसँग जोड्ने स्थायी प्रणालीको विकास गर्नु ।
४. जलवायु परिवर्तनलाई न्यूनीकरण गर्दै जलवायु अनुकुलनका अभ्यासलाई स्थानीय रुपमा प्रणालीबद्ध गर्नु ।
५. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहलाई स्थापित गर्न कर्मचारीलाई उत्प्रेरित गर्नु।
६. संघीय सरकार र प्रदेश सरकारबाट यस पालिकाक्षेत्रमा सञ्चालित भौतिक निर्माणका योजनामा हाम्रो स्थानीय सरकारको प्रत्यक्ष सहभागिता नहुने गरेको व्यवस्थाको अन्त गर्नु ।

**(ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

आगामी आर्थिक वर्ष २०८२/८३ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले तपसील बमोजिम कुराहरुलाई प्रमुख आधारको रुपमा लिएको छु ।

१. नेपालको संविधानः यस अन्तरगत विशेष गरी मौलिक हक, कार्यपालिका/व्यवस्थापिका/आर्थिक कार्यप्रणाली, अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका क्रमशः एकल र अन्य तहसँगका साझा अधिकारहरु,
२. पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रिया र सोह्रौ आवधिक योजना (२०८१/८२-२०८५/८६) ले निर्दिष्ट गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु,

३. दिगो विकास लक्ष्यहरु (सन् २०१५ -२०३०) लाई स्थानीयकरण गर्ने विषयहरु,

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका काम, कर्तव्य र अधिकारहरु,

५. राष्ट्रिय योजना आयोगले तयार पारी जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,

६. गाउँपालिकाका बासिन्दाहरु, उद्योगी व्यावसायीहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, शैक्षिक क्षेत्रमा कृयाशील व्यक्तित्वहरु, युवा/आमा समूहका प्रतिनिधिहरु र गाउँकार्यपालिकाका कर्मचारीहरुले प्रदान गर्नुभएका अमूल्य सुझावहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई मुख्य आधारको रुपमा लिएको छु ।

**(घ)** चालु आर्थिक वर्षको हालसम्मका प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण अब म विगत र चालु आर्थिक वर्षमा हाम्रो साझा प्रयासले प्राप्त भएका उपलब्धीहरु र केही सार्थक हुन नसकेका प्रयासहरुमा प्रवेश गर्दछु ।

**आर्थिक विकास**

हालसम्म गाउँपालिकामा अधिकतम सडकहरु कृषि सडकको रुपमै सञ्चालित छन् । कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिए पनि त्यसले मूर्त रुप लिन सकेको छैन। कृषि उत्पादनमा बृद्धि होस भन्ने अभिप्रायले सिचाईमा आत्मनिर्भर हुने गरी कृषि विधुतिकरणको कार्य सञ्चालन भईसकेका छन्। गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ । रोजगारी सृजना गर्न गाउँपालिकाभित्र रहेको श्रम शक्तिको लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ र त्यसबाट अपेक्षित रोजगारी सिर्जना हुने नै छ ।

**सामाजिक क्षेत्र**

यस गाउँपालिकामा ६ ओटा माध्यमिक विद्यालय (मदर्शा समेत) कुल १२ विद्यालय रहेकामा अधिकांश विद्यालयमा आवश्यक कक्षाकोठा, खेलमैदान र इन्टरनेटको उपलब्धता रहेको छ । विद्यार्थीहरुमा रहेको क्षमतालाई उजागर र विकास गर्ने प्रयासका रुपमा गाउँपालिकाले यस आ.व मा विभिन्न विधामा वृहत् प्रतियोगिता सञ्चालन गर्यो । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। खेलकुदमा युवाहरूको संलग्नता बढाउनका लागि चटियाबाबा खेलकुद मैदान प्रसौनी, चण्डीमाई खेलकुद मैदान खुटवाको स्तरौन्नती गरिएको छ। खेलकुदमा युवाहरुको चाहना र नेपाली क्रिकेट टिममा प्रसौनी वासीले समेत स्थान बनाउन सकुन भन्ने उद्देश्यले अध्यक्ष कप हुने भएको छ । गाउँपालिका अन्तरगतको सम्पूर्ण विद्यालयहरुमा विद्यार्थीहरुलाई

अतिरिक्त क्रियकलाप वापत विभिन्न खेल सामाग्रीहरु वितरण गरिएको साथै गाउँपालिकाको विभिन्न वडाका क्रिकेट खेल्ने खेलाडीहरुको टिमलाई समेत क्रिकेट खेल संग सम्वन्धित किटहरु वितरण गरिएको छ ।

## स्वास्थ्य क्षेत्र

भौतिक पूर्वाधार र इन्टरनेटको सुविधासहित गाउँपालिकाका सबै वडामा न्यूनतम पूर्वाधार सहितको स्वास्थ्यचौकीहरु रहेका छन् । सबै स्वास्थ्य चौकीहरुमा दरबन्दीअनुसारका जनशक्ति नरहेकोले गाउँपालिकाको आन्तरिक श्रोतबाट कर्मचारी नियुक्त गरी प्रत्येक वडामा स्वास्थ्य सम्वन्धी सेवा उपलब्ध गराउने उद्देश्यले सामुदायिक स्वास्थ्य ईकाई गठन गरिएको र प्रभावकारी रुपमा संचालमा रहेका छन् । सुरक्षित रुपमा सुत्केरी गराउन प्रसौनी स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा गरिएको छ। प्रसौनी स्वास्थ्य चौकीमा ल्याब सञ्चालन भई वर्षेनी हजारौ व्यक्तिहरुले ल्याबको सेवा लिईरहेका छन् । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना प्रविधिको व्यापक प्रयोग शुरू भएको छ।

## शैक्षिक विकास

गाउँपालिकामा शैक्षिक क्यालेण्डर कार्यान्वयनमा आएको छ। गाउँपालिका भरीका सबै सामुदायिक विद्यालयहरुको भौतिक संरचना मर्मत गरी सबै विद्यालयहरुमा सि.सि. टि.भी. बाट विद्यालयको निरीक्षण तथा स्मार्ट बोर्डको माध्यमबाट अध्यापन गर्ने कार्य गरिएको छ भने शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनका आधारमा मात्र तलब भत्ता उपलब्ध गराउने गरिएको छ । प्रसौनी वडा नं २ स्थित बेंगा साह मा.वि. र श्री ने रा मा वि बेलहियामा विगतदेखि नै अंग्रेजी माध्यममा समेत पठनपाठनको व्यवस्था गरिएकोमा विद्यार्थीहरुको सक्रियता र उत्साहले पालिकामा भएका सबै विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा ३ सम्म अध्यापन सुरु गरी सफलता हासिल भएको छ । बेंगा साह मा.वि मा आधुनिक शौचालयको निर्माण भईसकेको छ ।विगत देखि नै अरु पालिकामा अध्ययनका लागि जाने बालबालिकाहरुको समस्यालाई ध्यानमा राखी यसै आ.व. भित्र वडा नं. ७ बलुवा टोलमा श्री शोभा रामचन्द्र आधारभुत विद्यालयको स्थापना गरी पठनपाठन सुरु गरिएको छ ।

## भौतिक पूर्वाधार विकास

### सडक यातायात

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा वडा नं १ मा नाला सरसफाई ८७० मिटर, वडा नं. ३ को नाला सरसफाई १४०० मिटर, वडा नं. ४

मा कुलोपैनी सरसफाई कार्य २५०० मिटर, वडा नं. ५ मा गाउँको नाला सरसफसाई कार्य १००० मिटर, वडा नं. ६ मा पोईनी कुलो सरसफाई ४४०० मिटर र वडा नं. ७ मा नाला सरसफाई १४०० मिटर भएको छ ।

वडा नं १ देखि ७ सम्मका विभिन्न ठाउँमा सडकहरुको स्तरोन्नतीका साथै नयाँ सडक समेत निर्माण गरिएको छ ।चालु आ.व मा विभिन्न स्थानमा गरी जम्मा नाला १९०० मिटर र जम्मा सडक १३७० मिटर ढलान तथा ४२५० मिटर ग्रेभल गरिएको छ ।

कलैया वीरगंज रोड देखि वडा नं. १ मा रहेको पालिकाको अस्पताल सम्म जाने बाटोको माटो पुरी ग्रेवल गर्दै ढलान समेत गरी स्तरोन्नती गरिएको छ ।

वडा नं. २ मा प्रसौनी बजार देखि कबरगाह जाने बाटोको अतिक्रमित जग्गा छुट्याई माटो पुरी स्तरोन्नती गरिएको ।

वडा नं. ३ मा मस्जिद देखि सिंगहा खोला जाने बाटोमा माटो पुरी ग्रेवल गरी स्तरोन्नती गरिएको ।

वडा नं. ४ मा दलित बस्ती देखि दलदलवा जाने अतिक्रमित बाटोको जग्गा छुट्याई माटो पुरी स्तरोन्नती गरिएको छ । डबरी देखि उत्तर जाने बाटोमा ग्रेवल गरी स्तरोन्नती गरिएको छ ।

वडा नं. ५ मा किरकिचहा खोला देखि सानो बलुवा जाने बाटोमा ग्रेवल गरी स्तरोन्नती गरिएको छ ।

वडा नं. ६ मा श्री सरस्वती मा.वि. विधालयको छेउमा रहेको बंगरी खोलामा सर्वसाधारण जनताहरुलाई आवतजावतमा कठिनाई भएकोले सानो पुलको निर्माण गरिएको छ

वडा नं. ७ मा प्रष्टोका देखि बंजरिया हनुमान मन्दिर सम्म जाने बाटोको ग्रेवल गरी स्तरोन्नती गरिएको छ । सोही वडामा हनुमान मन्दिर देखि किरकिचहा खोला सम्म अतिक्रमित बाटोको सडक छुट्टयाई माटो पुरी स्तरोन्नती गरिएको छ ।

वडा नं ३ मा पोखरी सौन्दर्यीकरणका लागि काम अगाडी बढाइएको र ७५ प्रतिशत भन्दा बढी प्रगति भइसकेको छ र आगामी आ.व. भित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । वडा नं १ को कार्यालय नजिकै बहुउद्देशिय (टाउन हल) भवनको निर्माण कार्य यही आ.व. २०८२।०८३ मा सम्पन्न गरी उक्त भवन सञ्चालनमा ल्याइनेछ ।

वडा नं. ७ को सोहरी पोखरीनिर निर्माणाधिन अवस्थामा रहेको पिकनिक स्पोर्टको निर्माण कार्य सम्पन्न गरी आ.व. २०८२।०८३ भित्र सञ्चालनमा ल्याइनेछ ।

**सिंचाइ**

जसरी प्राकृतिकले वर्षातको समयमा निःशुल्क सिचाईको लागि पानी उपलब्ध गराउछ तयस्तै प्रसौनी गाउँपालिकाको अवधारणा अनुसार कृषि सिचाईको लागि वर्षै भरी

किसानहरुलाई निःशूल्क पानी उपलब्ध गराईने लक्ष्य लिईएको छ । जस अन्तर्गत वडा नं. ५ र ७ मा कृषि विधुतीकरण गरी होल मिटर जडान गरी एकमुष्ठ कृषि विधुत महसुल पालिकाबाट सोझै विधुत कार्यालयलाई बुझाउने व्यवस्था मिलाईएको छ ।साथै यस आ.व. मा ७०-७५ वटा स्यालो ट्युबेल मोटर पम्प सहित ८५% अनुदानमा जडान कार्य प्रारम्भ भईसकेको छ ।यसबाट किसानहरुलाई कृषि मिटर लिने झन्झटबाट समेत उन्मुक्ति पाईएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

भलुही चौक लगायत विभिन्न वडाको विभिन्न स्थानमा ऐलानी प्रति जग्गा अतिक्रमण गरेकोमा ऐलानी प्रति जग्गा नाप नक्साङकन गराई छुट्याईएको तथा किला खुटा गाडी नेपाल सरकारको सार्वजनिक सम्पतिको संरक्षण गरीएको छ । वृक्षारोपण भईसकेका बोट विरुवाहरुलाई स्याहार सुरक्षा गर्दै बाँकीको सडक पेटीमा अगामी आ.व. भित्र वृक्षारोपण गरी प्रसौनी गाउँपालिकालाई हराभरा पालिका बनाइनेछ प्राकृतिक प्रकोप, आगलागीबाट पिडित घरपरिवारलाई राहत उपलब्ध गराईएको छ ।

**सुशासन तथा संस्थागत विकास**

यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८१% र फ्रा मा ६०% अंक प्राप्त गरी अगामी आ.व. २०८२।०८३ का लागि नव प्रवर्तन साझेदारी कोष (IPF) मा समेत पालिकाले आफ्नो योग्यता सिद्ध गरी मधेश प्रदेशको नौ वटा पालिकाको सूचीमा प्रस्ताव पेश गरी थप बजेट माग गर्न समेत सफल भएको छ।त्यस्तै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको आ.व. २०८०।०८१ को कार्य सम्पादन मूल्याङ्कनमा पालिकाले ६२.४ अंक प्राप्त गरी जिल्लामै प्रथम र मधेश प्रदेशमा तेस्रो स्थानमा रहेको छ ।

१. कार्यालयले आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गरिरहेको तथा यस पालिका अन्तर्गतका ७ वटा वडाहरु मध्ये वडा नं. २ को वडा कार्यालय भवन छिटै निर्माण गरी सेवा प्रवाह गराइनेछ ।

२. विद्यालय तर्फ हेर्दा कक्षा कोठा थपिदै जाँदा अझ केहि विद्यालयमा कक्षा कोठाको अभाव रहेको र फर्निचर उपलब्धता भएता पनि केहि छात्रछात्राको नामांकन सोचेको भन्दा बढी भएको कारण फर्निचरको केहि अभाव रहेको छ । विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक संख्याको अभाव रहेको छ । शिक्षक अभावमा गुणस्तरीय शिक्षा दिन कठिन भएकाले पालिकाले आफ्नो स्रोतबाट सयौंको संख्यामा निजि स्रोतबाट भर्ना गरी अध्यापन गराएको छ ।प्रत्येक वडाहरुमा स्वास्थ्य संस्थाहरुको स्थापना गराउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अवधारणा अनुसार यस गाउँपालिका अन्तर्गत बाँकी रहेका वडाहरुमा स्वास्थ्य चौकी संचालन गर्न गराउन

स्रोत साधन तथा जनशक्तिको कमी हुँदा हुँदै पनि पालिकाको पहलमा सञ्चालनमा ल्याईएको छ ।

३. मुलुकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दीगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको **समृद्ध नेपाल : सुखी नेपाली**को लक्ष्यलाई आत्मसात् गरी प्रसौनी गाउँपालिकाको विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरू माझ उभिएको छु ।

४. प्रसौनी गाउँपालिका अहिले आर्थिक विकासको बाटोमा अघि बढिरहेको छ । सङ्घीय शासन प्रणालीले देशभर विकासमा प्रतिस्पर्धा बढेको छ र विभिन्न तहका सरकारहरूबीच प्रतिस्पर्धात्मक विकासको अवधारणा विकसित हुँदै आएको छ ।

५. यस प्रसौनी गा.पा.का सबै वडाहरू सडक सञ्जालले जोडिएका छन् । खानेपानी, सिंचाइ सुविधा, कृषि तथा पशु सेवा सम्बन्धी सुविधा, शैक्षिक क्रियाकलापहरूको बढोत्तरी, पर्यटन पूर्वाधारको विकास, बजारीकरण जस्ता क्षेत्रमा उल्लेख्य सुधार गर्न सबै क्षेत्रबाट समेटिएर निति तथा कार्यक्रम लिएर यो गरिमामय सभामा उपस्थित भएको छु ।

(ङ) <u>**आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरू**</u>

सभाध्यक्ष महोदय, अब म आ.व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

**<u>उद्योग तथा पर्यटन</u>**

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी वनाइनेछ ।
२. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।
३. प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखी तोकिए अनुसारका सेवामा नियमानुसार लाग्ने दस्तुर संकलन गरी आम्दानीको स्रोत बढाइने छ । यसका लागि गाउँपालिकाले आवश्यक पहल गरी उचित बन्दोबस्त मिलाउने छ ।
४. घरैमा बसेर सञ्चालन गर्न सकिने सानासाना उद्योगलाई प्राथमिकता दिइनेछ ।
५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल निर्माण गर्न प्रारम्भ गरिनेछ ।
७. यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा गाउँपालिकामा रहेका पर्यटकीय स्थल, धार्मिक स्थलसम्म आवतजावतका लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिइनेछ ।
८. खैराती माई, सोहरी पोखरी ,गण्डक नजिक रहेको नौतन सार्वजानिक पोखरी, रामजानकी मन्दिर र नजिकैको पोखरी, प्रसौनी घण्टाघरको छेउमै रहेको खाली सार्वजनिक जग्गा लगायतका पर्यटकीय स्थललाई पर्यटनमैत्री बनाउन पूर्वाधारको विकास गरिनेछ ।
९. आन्तरिक र बाह्य पर्यटकलाई सुविधा दिन उचित स्थानमा होटल, रेस्टुरा, पार्क, स्विमिङ पुल निर्माण गरी सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकारसँग स्थानीय सरकारले सहकार्य गरिनेछ र निजी क्षेत्र तथा सर्वसाधारण नागरिक समेतलाई सो कार्यका लागि प्रोत्साहन गरिनेछ ।
१०. एक घर : एक उद्यमी नीति अवलम्बन गरी लघु उद्यम विकास मोडलमा नयाँ उद्यमीहरू निर्माण गर्ने नीति लिइनेछ ।
११. प्रसौनी गाउँपालिका वडा नं ३ मा रहेको पोखरीलाई सौन्दर्यकरणको निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य लिईएको छ ।
१२. पालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुलाई लक्षित गरी रोजगार बैंकको स्थापना गरी प्रसौनी उधोग वाणिज्य संघ लगायतको समन्वय र सहकार्यमा सञ्चालनमा ल्याइनेछ ।

**<u>कृषि तथा पशुपंक्षी</u>**

१. बिउविजन, प्राङ्गरिक मल, स्प्रे टंकी अनुदानमा कृषकलाई समयमा उपलब्ध गराउदै आएका छौ र यसलाई निरन्तरता दिईने छ ।
२. कृषकहरूको मागको आधारमा बेमौसमी तरकारी खेती तथा व्यावसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ ।
३. प्रसौनी गाउँपालिकाका पछि परेका कृषकहरूलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरू उपलव्ध गराउने नीति लिइनेछ ।
४. गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरूको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ ।
५. दुध, मासु र माछाको उत्पादनमा जोड तथा पशुपालनका लागि घाँसे खेती कार्यक्रम प्रवर्द्धन गरिनेछ । पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरूलाई ज्ञान, सीप, प्रविधि र लजिस्टिक सपोर्ट प्रदान गरिनेछ ।
६. कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाध सुरक्षा र खाद्य सम्प्रभुताको आधारका रुपमा विकास गरिनेछ । उच्च मूल्यका कृषि उपजहरूको वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । कृषि उपजहरूको अर्गानिक उत्पादन गर्ने कार्यलाई प्राथमिकता

दिइनेछ। साथै पशु र कृषिको क्षेत्रमा आइपर्ने समस्याहरुलाई स्थलगत रुपमै प्राविधिक पठाएर समाधान गरिनेछ ।

७. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
८. "आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" र "एक घर एक करेशाबारी" भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति तय गरिनेछ ।
९. कृषि रोड संरक्षणका लागि वृक्षारोपणका कार्यक्रम सञ्चालनमा रहेकोलाई निरन्तरता दिइनेछ।

## सहकारी

१. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी तथा साझेदारी कृषि फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
२. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।
३. सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नवीन प्रयोग तथा सम्भावनाका नयाँ क्षेत्रहरूको पहिचान गरिनेछ ।
४. स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

## जलश्रोत तथा सिँचाइ

१. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि वढाइनेछ।
२. सिंचाई व्यवस्था नभएका खेतीयोग्य जमिनहरूको वर्गीकरण गरी आवश्यक ठूला साना सिंचाई कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
३. गाउँपालिकाबाट सिंचाईको लागि स्रोत नपुग भएमा समपुरक अनुदानको व्यवस्था मार्फत वा विशेष अनुदान कार्यक्रम अन्तर्गत प्रदेश सरकार र सङ्घीय सरकारसँग अनुदान माग गरी प्रत्येक वडामा डिप बोरिङ गरी सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
४. यस गाउँपालिकाको कार्यालयबाट नयाँ नक्सा पास गर्दा अनिवार्य रुपमा एक घर एक विरुवा रोपिने नीति लिईएको छ ।

**<u>वन</u>**

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

२. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

**<u>वाणिज्य</u>**

१. गाउँपालिका क्षेत्रमा रहेका होटल, पसल, आवधिक रुपमा लाग्ने हाटबजारलाई व्यवस्थित गरी करको दायरामा ल्याइनेछ र व्यापारिक फर्महरुको अनिवार्य रुपमा गाउँ कार्यपालिका कार्यालय वा वडा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

२. अन्य नियामक निकायहरुको सहयोग र समन्वयमा बजार अनुगमनलाई नियमित गरिनेछ।

३. सीपमूलक तालिम लिई सीप हासिल गरेका व्यक्ति समूहहरुको मनोबल बढाउन तथा उत्पादित सामग्रीहरुको बजारीकरणको व्यवस्था पालिकाबाट गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**<u>शिक्षा</u>**

१. प्रसौनी गाउँपालिकाको छात्रवृतिमा गरिब विपन्न परिवारका एक जना डाक्टर र एक जना ईन्जिनियर पढने छात्र/छात्रालाई प्रोत्सहान गर्ने नीति लिइनेछ ।

२. सामुदायिक विद्यालयबाट उच्च शिक्षा उत्तिर्ण गर्ने एक जना छात्र र एक जना छात्रालाई ल्यापटप वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. ईन्टरनेटको माध्यमबाट पठनपाठन गराउने व्यवस्था मिलाइनेछ ।

४. सम्पुर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सवै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेटलाई गुणस्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाद्वारा विषेश निगरानी गरिनेछ।

५. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी क्रमिक रुपमा लागु गरिनेछ ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि तालिम, अवलोकन भ्रमण, अनुभव आदानप्रदान जस्ता कृयाकलापमा बजेट विनियोजन गरिनेछ ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ ।
८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरी आवश्यकता अनुसार गाउँपालिकाभित्र दरबन्दी मिलान गरिनेछ ।
९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
१०. सबै विद्यालयहरुमा क्रमिक रुपमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।
११. प्रसौनी गाउँपालिकाका सामुदायिक विद्यालयहरू मध्ये बेंगा साह मा वि मा अंग्रेजी माध्यमबाट पठन पाठन भइ रहेको कार्यलाइ निरन्तरता दिदै प्रसौनी गाउँपालिका वडा नं ६ वेलहिया स्थित ने.रा.मा.वि वेलहियामा कक्षा १ देखि कक्षा ५ सम्म र यस गाउँपालिका भित्रका अन्य सबै सामुदायिक विधालयहरुमा कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।
१२. सामुदायिक विद्यालयको पठन पाठन गुणस्तरीय बनाउन निरन्तर अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
१३. गाउँपालिकाको शैक्षिक गतिविधि बारे जानकारी दिन शैक्षिक क्यालेन्डर, बुलेटिन, स्मारिका जस्ता सामग्री प्रकाशन तथा वितरण गरिनेछ ।
१४. गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
१५. विद्यार्थीको प्रतिभा प्रष्फुटन गराउन विभिन्न किसिमका प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१६. गाउँपालिकाका विद्यालयहरुमा सञ्चालन हुने विभिन्न परीक्षाहरूलाई व्यवस्थित गरिनेछ ।
१७. यस गा.पा. अन्तर्गत रहेका सबै सामुदायिक विधालयमा विधालय व्यवस्थापन समिति यथाशिघ्र गठन गरिनेछ ।
१८. विभिन्न किसिम्मको छात्रवृति, लोक सेवा आयोगको परिक्षा र शिक्षक सेवा आयोगको परिक्षामा प्रतिष्पर्धा हुने गरी गुणस्तरीय विद्यार्थी तथा उम्मेदवार उत्पादन गर्ने र सार्वजानिक सेवा प्रवाहमा यस गाउँपालिकाको युवाहरुको सहभागिताका लागी आवश्यक पहल चालिने लक्ष्य पालिकाले शिक्षा भित्र लिएको छ ।
१९. यस गाउँपालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अभिभावक शिक्षा लागु गरिने छ ।
२०. यस गाउँपालिकामा स्नातक अध्यापनका लागी पहल गरी सञ्चालनमा ल्याइनेछ ।
२१. प्रत्येक सामुदायिक विधालयमा रहेका बालविकास केन्द्रमा LED TV जडान गरी बालमैत्री प्रविधि शिक्षामा जोड दिइनेछ ।
२२. आगामी आ.व. भित्र साक्षर पालिका घोषणा गरिनेछ ।

२३. बेंगा साह मा.वि. मा शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।

**युवा तथा खेलकुद**

१. प्रत्येकः वडामा आधुनिक जिम क्लब स्थापना गरि व्यवस्थित मिलाइनेछ ।
२. भएको खेलकुद मैदानहरुलाई व्यवस्थित गरिनुका साथै नयाँ खेलकुद मैदान बनाइनेछ ।
३. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
४. प्रत्येक वडामा एक एक ठाउँमा खुला व्यायामशाला क्रमिक रुपमा स्थापना गरिनेछ ।
५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. एकिकृत दलित आवास योजनालाई निरन्तरता दिइनेछ ।
२. गरिब विपन्न समुदायका लागि सामुहिक विवाहको योजना ल्याइनेछ ।
३. कोई भोकै नबसुन कोई भोकै नसुतुन (जग्गा जमिन नभई रोजगारी नपाई) भोक भोकै मर्नुपर्ने अवस्था नआउन दिन विपन्न घरपरिवारको पहिचान गरी ५०% अनुदानमा ३५१ घरपरिवारलाई आगामी आ.व. देखि जिवन खाधान्न सुरक्षा अन्तर्गत खाद्यान्न बितरण प्रणाली लागु गरिनेछ ।
४. विषेश प्रकृतिका रोगीलाई एकपटकका लागि मात्र रु.१० हजार नगद सहयता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
५. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
६. "हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक लेखापरीक्षण गर्ने कामको थालनी गरिने छ ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
९. गाउँपालिकाभित्रका शिक्षित युवाहरुको लागि लोक सेवा वा शिक्षक सेवाको तयारी कक्षा सञ्चालन गरिनेछ ।

**स्वास्थ्य**

१. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

२. आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पुऱ्याईनेछ। यस अन्तर्गत गर्भवती जाँच सेवा लिने गर्भवति आमालाई स्वास्थ्य संस्था बाट दिने सुविधाको अतिरिक्त गाउँकार्यपालिका बाट आयो नुनको व्यवस्था गरेको छु । वर्थिगं सेन्टरमा सुत्केरी भएकी आमालाई पोषण युक्त खानाका लागि छोरा जन्माए एकपटक का लागि रु १,०००।- र छोरी जन्माए २,०००।– पोषण भत्ता यस गा.पा. का बुहारीहरुलाई उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

३. विद्यालयका छात्राहरु महिनावारीको समयमा विद्यालय आउन नसक्ने हुँदा छात्राहरुलाई सेनेटरी प्याड उपलब्ध गराउन प्याड वितरण व्यवस्था मिलाएको छु।

४. प्रसौनी दस शैयाको अस्पतालमा एम वि वि एस डाक्टर सहितको प्राविधिक कर्मचारीहरु नियुक्त गरी गाउँमै स्वास्थ्य सम्वन्धी सम्पूर्ण सेवा सुविधा सम्पन्न अस्पताललाई सञ्चालनमा ल्याइनेछ ।

५. बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीहरुले दिने सेवाको क्रमिक रुपमा स्तरोन्नति गरिनेछ ।

६. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्धलाई निरन्तरता दिइनेछ ।

७. महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। उनीहरुको लागि गाउँपालिकाले प्रदान गरिने प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

८. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ तथा पालिकाबासीहरुलाई निःशूल्क रगतको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिका भित्रका महिला बालबालिकाको पोषण अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण योजना संचालन गर्न गाउँपालिका तर्फबाट समेत आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. सबै प्रजनन उमेरका नागरिकहरुको प्रजनन अधिकारलाई सुनिश्चित गरी दिगो विकास लक्ष्य हासिल गर्न यस गा.पा.मा समुदाय स्तर देखि स्वास्थ्य संस्था सम्म गुणस्तरीय सुरक्षित मातृत्व, परिवार नियोजन तथा किशोर -किशोरी मैत्री प्रजनन स्वास्थ्य सेवालाई विषेश जोड दिइनेछ। साथै यस प्रसौनी गाउँपालिकालाई क्रमशः वडा स्तर देखि गाउँपालिका स्तर सम्म "पुर्ण सुरक्षित-मातृत्व युक्त गाउँपालिका" बनाउनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. हाल बढ्दो मात्रामा रहेको नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह, मृगौला रोग तथा क्यान्सर रोगहरुको रोकथाम को लागि सचेतना कार्यक्रम गरिनेछ। उच्च रक्तचाप र मधुमेह को परिक्षणको व्यवस्थापन गा.पा. स्तर मै हुनेछ साथै स्वास्थ्य उपचार कोष मार्फत विषेश

प्रकृतिका रोगीहरुको लागि मृगौला रोग, पक्षघात, क्यान्सर, मुटु रोग, अपाङ्ग हुने गरि दुर्घटना जस्ता जटिल रोगहरुको लागि विशेष अनुदान प्रदान गरिनेछ ।

१२. यस गाउँपालिकाबाट संचालित प्रसौनी स्वास्थ्य चौकीको ल्याब सेवा निरन्तरता दिने व्यवस्था गरिएको छ ।

**खानेपानी तथा सरसफाइ**

१. ५ वर्ष भित्र सवै नागरिकलाई खानेपानी पुर्वाधारमा पहुँच सुनिश्चित गर्नका लागि चालु आ.व.मा कार्यान्वयन गरिएको प्रसौनी बृहद् खानेपानी योजनालाई यसै आर्थिक वर्षमा सातै वडामा विस्तार गरिनेछ । साथै नेपाल सरकारद्वारा निर्मित अधुरो योजनाहरु यथाशीघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ । खानेपानी पाईपलाईन नपुगेको टोलमा पाईपलाईन विस्तार गरी खानेपानीको आपुर्ती गरिनेछ ।

३. विगतका आर्थिक वर्षदेखिको एक घर एक स्वच्छ खानेपानी चापाकल कार्यक्रम अर्न्तगत चापाकल खरिद तथा वितरण र जडान कार्यलाई यस आ.व. मा पनि निरन्तरता दिइनेछ ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियालीयुक्त, सुन्दर र सफा राख्ने कार्य गरिनेछ ।

५. गाउँपालिकाभित्र खानेपानीको समस्या दीर्घकालिन रुपमा समाधान गर्न संघ प्रदेश सरकारसंग समन्वय गरी सहकार्य गरिनेछ ।

६. हरेक वडाका टोल बस्तीहरूमा फोहोरमैला विसर्जन स्थल निर्माण कार्यलाई प्रभावकारी बनाइनेछ ।

७. गाउँपालिका अन्तर्गतका सबै सार्वजनिक निकायहरूमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

८. प्रसौनी गाउँपालिकाबासीको रहर : सफा र स्वस्थ गाउँघर भन्ने नीति अनुरुप यस गाउँपालिकाभित्रका प्रमुख बजारकेन्द्र तथा सार्वजनिक जमघट र भेला हुने महत्वपूर्ण स्थानमा फोहोरमैला व्यवस्थापन सम्बन्धी विगत आर्थिक वर्षभैँ यस आर्थिक वर्षमा पनि निरन्तरता दिँदै यसलाई सबै वडामा अझ थप विस्तार विस्तार गर्दै लाने व्यवस्था मिलाइने छ । साथै प्रमुख बजारकेन्द्र तथा सार्वजनिक जमघट र भेला हुने महत्वपूर्ण स्थानमा फोहोरमैला व्यवस्थापनका लागि फोहोर कन्टेनर (डस्टबिन) को व्यवस्था गरिनेछ ।

९. शुद्ध खानेपानी उपभोक्तलाई आगामी आ.व. देखि १०,०००।— लि. सम्म खपत गर्ने उपभोक्तालाई निःशूल्क खानेपानी उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

**भाषा तथा संस्कृति**

१. विभिन्न जातजाति तथा आदिवासीहरुको मौलिक र परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।
२. गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।
३. यस गाउँपालिका भित्रका दलित, अशहाय, अल्पसंख्यक व्यक्तिहरुको छोरीको विवाहमा सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
४. अशक्त तथा गरिव विपन्न परिवारमा कसैको मृत्यु भएमा काजक्रियामा सहयोग होस भन्ने उद्देश्यले आर्थिक सहयोग उपलब्ध कार्यलाई निरन्तरता दिइनेछ।
५. लोप हुन लागेका परापुर्व देखि चल्दै आएको संस्कृति रितिरिवाजलाई संरक्षण गर्नका लागी संस्कृति संरक्षण सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. बहुउद्देशिय भवनलाई यसै आ.व मा निर्माण कार्यलाई सुसम्पन्न गराई सञ्चालनमा ल्याइनेछ ।
२. दीर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठूला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ र त्यस्तो आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।
४. “एक वडा - एक पार्क" निर्माण नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
५. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागत बोर्डहरु क्रमिकरुपमा राख्ने व्यवस्था गरिनेछ ।
६. संघीय र प्रादेशिक सरकारका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको जानकारी र समन्वयविना सञ्चालन हुनेगरेको हालको जस्तो अव्यवस्थाको अन्त्यको लागि कडाइका साथ पहल गरिनेछ।

**भवन तथा सहरी विकास**

१. अति विपन्न परिवारको पहिचान गरी घरविहीन परिवारको लागि जनता आवास कार्यक्रम तथा गरिवसँग गाउँपालिका कार्यक्रम सञ्चालन गरिनेछ।
२. सार्वजनिक जग्गा, पोखरी, ताल तलैया आदिको अभिलेख राखी त्यस्ता प्राकृतिक सम्पदालाई गाउँपालिका मातहतमा ल्याइनेछ।

४। पार्क भवन निर्माण अचारसंहिता तथा नाप नक्सा पास गराई गा.पा. र वडाबाट स्वीकृति लिई मात्र निर्माण गर्न इज्जाजत प्रदान गरिनेछ ।

**सूचना तथा संचार**

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

**ऊर्जा**

१. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रसारण ग्रिडवाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित बनाइनेछ।
२. घरघरमा सुधारिएको चुल्हो तथा बायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बाल्ने अभ्यासलाई न्यूनीकरण गरिनेछ ।
३. उज्यालो कार्यक्रम अर्न्तगत गाउँपालिका भरी टावरलाईट/सोलार वत्ती **जडान कार्यलाई निरन्तरता दिइनेछ ।**

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
३. न्यायिक समितिलाई कानूनी सहयोग उपलब्ध गराउने प्रयोजनको लागि एकजना कानून व्यावसायीसँग करार गरी परामर्श सेवा लिइनेलाई निरन्तरता दिइनेछ ।
४. न्यायिक समितिमा दिने निवेदन, फिराद लिखित जवाफ व्यक्तिले आफ्नो मनपर्दो कानून विपरित जस्तो सुकै निवेदन लिई आउने गरेकोले प्रत्येक वडामा कानूनी प्रशिक्षण सम्बन्धी कार्यक्रम आवश्यक देखिदा आवश्यकता अनुसारको सम्पूर्ण कुराको व्यवस्था मिलाउने तथा उपलव्ध गराउने लगायत न्यायिक समितिको तालिमको व्यवस्था मिलाईनेछ।
५. न्यायिक समितिबाट प्रदान गरिने न्यायिक निरुपणका लागि न्यायिक समितिको सचिवालय र इजलास स्थापना गरिनेछ। साथै क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यावसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

२. गाउँपालिकाको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ ।

४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडि बढाइनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संसाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

८. प्रशासनिक संयन्त्रको उत्प्रेरणाको लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा कर्मचारीहरुको मनोबल उच्च राख प्रोत्साहन भत्ता, खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधाहरु कार्यविवरण, कार्यसंपादन, आवस्यकता र उपलब्धता अनुसार प्रदान गर्ने नीति लिइनेछ ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन आवस्यक ठाउँमा क्रमिक रुपमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यमकालीन खर्च संरचना (MTEF) पद्धति तयार गरी प्रयोगमा ल्याइने छ ।

११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर तह समन्वय तथा सहकार्यको नीति तर्जुमा गरिनेछ ।

**जलवायु परिवर्तन अनुकुलन / न्यूनिकरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिने नीति लिइनेछ ।

२. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

३. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

४. संवेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

५. विपद व्यवस्थापनको पूर्व तयारीमा आवश्यक सामाग्री, औजार, उपकरण, खरिद गरी विपद व्यवस्थापन समिति मार्फत प्रयोगको लागि व्यवस्था गरिनेछ ।

## राजस्व तथा आन्तरिक श्रोत परिचालन

१. गाउँपालिकाको राजस्व सुधार योजना तयार गरिनेछ ।

२. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरी सो क्षेत्रबाट कर संकलन गरिनेछ ।

४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।

५. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्ष अनुगमन, सामुदायिक स्कोर कार्ड जस्ता विधिहरूको प्रयोग गरी सुशासन अभिवृद्धि गरिनुका साथै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

६. उपभोक्ता समितिलाई योजना सम्पन्न गर्न गराउन अपनाउनु पर्ने विधि, प्रक्रिया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी भाद्र देखि कार्तिक मसान्तभित्र सातै वडामा कम्तिमा १ दिने अभीमुखीकरण तालिम दिने व्यवस्था मिलाइनेछ । साथै उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने सबै योजना तथा कार्यक्रमहरुको मङ्सिर मसान्तभित्र यथाशक्य वडा कार्यालयमै सम्झौता शिविर सञ्चालन गरी योजना सम्झौता र कार्यादेश दिइनेछ । उपभोक्ताहरूले बुझ्ने गरी लगत इस्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

७. वेभसाइट, श्रव्य-दृश्य (अडियो-भिजुअल) सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइनेछ ।

८. स्क्यानर सहितको कलर प्रिन्टर प्रत्येक वडाकार्यालय सम्म पुऱ्याई भरपर्दो इन्टरनेट सुविधा विस्तार गरी सम्पत्ति कर, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा वितरण, दर्ता नवीकरण लगायतका कार्यहरूलाई वडास्तरबाटै अनलाइन सिस्टममा लगिनेछ ।

९. यस गा.पा. अन्तर्गत रहेका सम्पूर्ण वडामा वडा सचिवलाई कम्प्यूटर तालिम दिइनेछ ।

१०. सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।
११. निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।
१२. छिमेकी परवानीपुर, फेटा र विश्रामपुर गाउँपालिकासँग भगिनी सम्बन्ध कायम गरिनेछ ।
१३. गाउँपालिकाको विकास गतिविधिको प्रशारण तथा जनताको अपेक्षा संकलनका लागि स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ ।
१४. युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नव प्रवर्तन पूँजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइनेछ ।
१५. कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । विज्ञ झिकाइ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्क सोच र समृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१६. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।
१७. गाउँपालिकाका सबै वडा तथा कार्यालयहरूमा सुझाव पेटिका, नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
१८. EFT प्रणाली मार्फत कार्यपालिकाबाट भुक्तानि हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
१९. विभिन्न समूह मार्फत बचत तथा ऋणको कारोबार गर्ने स-साना समूहहरूलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।
२०. बैंक तथा वित्तीय संस्थाहरूको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ साथै वडा नं. ५,६, र ७ को पायक पर्ने ठाउँमा बैंक तथा वित्तीय संस्था स्थापना गर्न पहल गरिनेछ ।
२१. बचत गर्ने प्रणालीलाई व्यवस्थित गर्न नयाँ बैंक खाता सञ्चालनका लागि आम नागरिकहरूलाई प्रोत्साहित गरिनेछ ।

| आ.व. २०८२।०८३ को आय व्यय | | | |
|---|---|---|---|
| बित्तीय हस्तान्तरण - नेपाल सरकार तर्फ | | | |
| १. | समानिकरण अनुदान | 98600000 | ९ करोड ८६ लाख |
| २. | सशर्त अनुदान | 156400000 | १५ करोड ६४ लाख |
| ३. | विशेष अनुदान | 7900000 | ७९ लाख |
| ४. | राजस्व बाँडफाँड | 79115723 | ७ करोड ९१ लाख १५ हजार ७ सय २३ |
| बित्तीय हस्तान्तरण - मधेश प्रदेश सरकार तर्फ | | | |
| १. | समानिकरण अनुदान | 6893000 | ६९ लाख ९३ हजार |
| २. | सशर्त अनुदान | 8000000 | ८० लाख |
| ३. | विशेष अनुदान | 3000000 | ३० लाख |
| ४. | समपुरक अनुदान | 2000000 | २० लाख |
| ५. | राजस्व बाँडफाँड | 5003000 | ५० लाख ३ हजार |
| अल्या मौज्दात | | 28088277 | २ करोड ८० लाख ८८ हजार २ सय ७७ |
| आन्तरिक राजस्व | | 15100000 | १ करोड ५१ लाख |
| जम्मा | | 410100000 | ४१ करोड १ लाख मात्र। |

अन्त्यमा, यस नीति तथा कार्यक्रम तर्जुमाका क्रममा हामीलाई विभिन्न माध्यमबाट विभिन्न सुझावहरु दिनुहुने संपूर्ण आमा, बुवा, दिदी, बहिनी, दाजु, भाइ, विभिन्न दलका स्थानीय प्रतिनिधीहरु, पूर्व जनप्रतिनिधिहरु, शिक्षकहरु, दिन रात खटिनु भएको कर्मचारी मित्रहरु लगायत सहजकर्ताहरुलाई हामी सबैको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै यस नीति तथा कार्यक्रमलाई सफल बनाउने हाम्रो प्रयासमा तपाईंहरुको पनि निरन्तर साथ रहने विश्वास व्यक्त गर्दै बिदा हुन्छु ।

धन्यवाद ।